# गण्डकी विश्वविद्यालय

## जनशक्ति व्यवस्थापन समितिको कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

### शैक्षिक तथा प्रशासनिक पदपुर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/११**

गण्डकी विश्वविद्यालय पोखराको लागि तपसिलमा उल्लेखित शैक्षिक तथा प्रशासनिक कर्मचारीहरुका पदहरुको खुला प्रतियोगिताबाट करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक प्रकाशित मितिदेखि २१ दिनभित्र र त्यसपछि दोब्बर दस्तुर तिरी ७ दिनसम्म विश्वविद्यालयको कार्यालय मुस्ताङ्गचोक, पोखरामा रितपूर्वकको दरखास्त फारम बुझाउन आह्वान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका वा रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन। आवेदकले दरखास्त दस्तुर वापत गण्डकी विश्वविद्यालयको एनएमवि बैक लिमिटेड (NMB BANK LIMITED) अमरसिंह चोक पोखरामा रहेको खाता नं. १२४०१४४४२४१०००१६ (GANDAKI UNIVERSITY AAYA KHATA ) मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी नियमानुसार आवश्यक कागजात सहित आवेदन फारम बुझाउनु पर्नेछ।संलग्न कागजात मध्ये विदेशी विश्वविद्यालयमा अध्ययन गरी प्राप्त डीग्रीको हकमा समान स्तरको प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ।

**तपसिलः**

| **शैक्षिक पदहरुः** | | | | | |
|---|---|---|---|---|---|
| **विज्ञापन नं.** | **पद** | **विषय** | **संख्या** | **परीक्षाको किसिम** | **दस्तुर** |
| १४/०७९/०८० | उप-प्राध्यापक | सूचना प्रविधि (IT) | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| १५/०७९/०८० | उप-प्राध्यापक | Anatomy and Physiology | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| १६/०७९/०८० | उप-प्राध्यापक | Pharmaceutical Sciences (Major-: M Pharm. Natural Products Chemistry/M Pharm Pharmacognosy /M Pharm Phytochemistry/M Pharm Pharmaceutical Analysis/ M Pharm Drug discovery) | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| १७/०७९/०८० | उप-प्राध्यापक | Pharmaceutical Sciences (Major M. Pharm Pharmacology) | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| १८/०७९/०८० | उप-प्राध्यापक | कानुन | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| १९/०७९/०८० | उप-प्राध्यापक | व्यवस्थापन | २ | लिखित र अन्तरवार्ता | रु. ८००/- |
| २०/०७९/०८० | उप-प्राध्यापक | विज्ञान (Environment Science /Climate Science/ Environment Technology) | १ | लिखित र अन्तरवार्ता | रु . ८००/- |
| २१/०७९/०८० | उप-प्राध्यापक | मेकानिकल ईन्जिनियरिङ्ग | १ | लिखित र अन्तरवार्ता | रु. ८००/- |

| ख) प्रशासनिक पदहरुः | | | | | |
|---|---|---|---|---|---|
| **विज्ञापन नं.** | **पद** | **तह** | **संख्या** | **परीक्षाको** | **दस्तुर** |
| २०/०७९/०८० | लेखा अधिकृत | सातौ तह | १ | लिखित र अन्तरवार्ता | रु. ७००/- |
| २१/०७९/०८० | प्राविधिक सहायक | ल्याव असिस्टेन्ट (छैटौं) | १ | लिखित र अन्तरवार्ता | रु. ५००/- |
| २२/०७९/०८० | लेखापाल | पाँचौ तह | २ | लिखित र अन्तरवार्ता | रु. ५००/- |
| २३/०७९/०८० | ईलेक्ट्रिसियन | पाँचौ तह | १ | लिखित र अन्तरवार्ता | रु. ५००/- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:-**

♦ **उप-प्राध्यापक (सूचना प्रविधि, Information Technology):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चार वर्षे स्नातक तह (IT or ICT or Computer Science or Software or Electronics or Information System) विषय प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ। सम्वन्धित विषयमा दुई वर्षे स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

♦ **उप-प्राध्यापक (Anatomy and Physiology):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संबन्धित विषयमा स्नाकोत्तर उपाधि (MD Physiology/MS Anatomy/MSc Anatomy/ Master in Medicine) प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ। Medical Council अथवा Nepal Pharmacy Council अथवा सम्वन्धित स्वास्थ्य परिषद्मा दर्ता र नविकरण समेत भएको प्रमाणपत्र पेश गरेको हुनुपर्ने छ ।

♦ **उप-प्राध्यापक (Pharmaceutical Sciences (Major:- M Pharm in Natural Products Chemistry/M Pharm in Pharmacognosy /M Pharm in Phytochemistry/M Pharm in Pharmaceutical Analysis/ M Pharm in Drug discovery):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संबन्धित विषयमा स्नाकोत्तर उपाधि (M Pharm in Natural Products Chemistry/ M Pharm in Pharmacognosy /M Pharm in Phytochemistry/M Pharm in Pharmaceutical Analysis/ M Pharm in Drug discovery) प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ। Nepal Pharmacy Council मा दर्ता र नविकरण समेत भएको प्रमाणपत्र हुनपर्ने छ।

♦ **उप-प्राध्यापक (Pharmaceutical Sciences Major:- M. Pharm Pharmacology):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट संबन्धित विषयमा स्नातकोत्तर उपाधि (M Pharm in Pharmacology/ M Pharm in Experimental Pharmacology/M Pharm in Biotherapeutic) प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ। Nepal Pharmacy Council मा दर्ता र नविकरण समेत भएको प्रमाणपत्र हुनपर्ने छ।

♦ **उप-प्राध्यापक-कानुन (Law):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर (LLM) वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

♦ **उप-प्राध्यापक व्यवस्थापन (Management):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातकोत्तर (MBS/MBA/M.Com) वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

♦ **उप-प्राध्यापक विज्ञान (Environment Science/Climate Science/ Environment Technology):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर विषयमा (Master's in Environment Science/Environment Technology/ Climate Science) ) वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ ।

♦ **<u>उप-प्राध्यापक मेकानिकल ईन्जिनियरिङ्ग</u>** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट Mechanical Engineering विषयमा स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण गरेको वा सो सरहको डीग्री हासिल गरेको हुनुपर्ने छ।

♦ **<u>लेखा अधिकृत (सातौ तह):-</u>** व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ।

♦ **<u>प्राविधिक सहायक Lab Assistant (छैटौं तह) :-</u>** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह B. Pharmacy प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ र नेपाल फार्मेसी काउन्सिलमा दर्ता र नविकरण समेत भएको हुनुपर्ने छ।

♦ **<u>प्रशासन सहायक, लेखापाल (Accountant) (पाँचौ तह) :-</u>** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य वा सो सरहका विषयमा +२ (एघार-बाह्र) वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने छ।

♦ **<u>ईलेक्ट्रिसियन पाँचौ तह</u>** :- ईलेक्ट्रीकल इन्जिनियरिङ्गमा विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तिर्ण वा सो सरह को डीग्री हाँसिल गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्वन्धित विषयमा तह दुईको सिप परीक्षण उत्तिर्ण भएको वा सो सरहको तालिम लिएको हुनुपर्ने छ।

**उमेरको हदः-** शिक्षक तथा कर्मचारी दुवै तर्फ ५० वर्ष ननाघेको हुनुपर्ने छ।

**आवेदन फाराम पाइने स्थानः-** गण्डकी विश्वविद्यालयको कार्यालय, मुस्ताङ्गचोक,पोखरा।

पुनश्चः विस्तृत जानकारीको लागि www.gandakiuniversity.edu.np Phone No: 061-460249, 460250, 460251 मा सम्पर्क गर्न सकिनेछ ।

**लिखित परीक्षा हुने पदहरुको पाठ्यक्रम (Syllabus) विश्वविद्यालयको वेबसाइट बाट डाउनलोड गर्न सकिनेछ । परीक्षा सम्वन्धी सूचना पछि प्रकाशन गरिने छ। परीक्षा सम्वन्धी सम्पूर्ण अधिकार जनशक्ति व्यवस्थापन समितिमा निहित रहनेछ।**

**जनशक्ति व्यवस्थापन समितिको कार्यालय**
**गण्डकी विश्वविद्यालय, पोखरा**